## श्री बेलघारी सामुदायिक वन उपभोक्ता समूह

राजपुर-७, भित्रिसिक्टा, दाङ

**ब्रोलपत्र द्वारा गोलिया काठ दाउरा लिलाम विक्री सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/०५/२५ गते**

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८१/०८२ मा उत्पादन भएको गोलिया काठ मध्ये वन पैदावार आपूर्ति समिति दाङ (देउखुरी) लाई छुट्याईएकोमा वन पैदावार आपूर्ति समिति दांङ (देउखुरी) को च. नं. ०४ मिति २०८३/०४/२९ गतेको पत्रबाट फिर्ता गरिएको गोलिया काठ डिभिजन वन कार्यालय, दाङ (देउखुरी) लमही, दाङको च.नं. २३२ मिति २०८३/०५/१८ गतेको व्यापारिक प्रयोजनको लागि समुह बाहिर बिक्रि वितरण सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल जातको गोलिया थान १६० को ६८२.१९ घ.फि. काठ हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्न अनुमती प्राप्त गरी सञ्चालनमा रहेका उद्योगहरुले यो सूचना गणतन्त्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशन भएको मितिले २१ औं दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा कार्यालय समय भित्र सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैलाई अनुरोध छ ।

तपसिल

| लट नं. | पाईल नं. | सि. नं. | जात | किसिम | एकाई | ग्रेड | थान | परिमाण | दर रु | न्यूनतम मुल्य रु | संकलन खर्च रु | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४, ६, ७ र ९ | १ | साल | गोलिया | घ.फि. | ए | २ | २६.३३ | १२५० | ३२९१२.५ | १२२७९४ | |
| | | | | गोलिया | घ.फि. | बि | २५ | २०२.८७ | ९०० | १८२५८३ | | |
| | | | | गोलिया | घ.फि. | सि | १०१ | ४०३.९४ | ६०० | २४२३६४ | | |
| | | | | गोलिया | घ.फि. | डि | ३२ | ४९.०५ | ३०० | १४७१५ | | |
| लट नं. १ को जम्मा | | | | | | | १६० | ६८२.१९ | | ४७२५७४.५ | १२२७९४ | |

१. बोलपत्र खरिद दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :
   (क) खरिद गर्नुपर्ने अन्तिम मिति : २०८३/०६/१४ गते कार्यालय समय सम्म ।
   (ख) दाखिला गर्नुपर्ने अन्तिम मिति : २०८३/०६/१५ गते । दिनको १२:०० वजे सम्म ।

२. बोलपत्रसाथ कबोल गरेको रकमको १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समुहको एभरेष्टबैंक लि. लमही शाखामा रहेको हिसाव खाता नं. ०५६००१०५२०००२१ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेन्टी समावेश गरेको हुनु पर्नेछ ।

३. बोलपत्र फारम लट नं. १ को लागि रु १०००/- पछि फिर्ता नहुने गरी तिरि यस समूहको कार्यालय वा डिभिजन वन कार्यालय, दाङ (देउखुरी) लमहीबाट खरिद गर्न सकिनेछ भने सिलबन्दि बोलपत्र फारम समुहको कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

४. लिलाम बढाबढ हुने वन पैदावार यस सा.व.उ.स. को जिल्ला दाङ, राजपुर गाउँपालिका वडा नं. ७, सिक्टामा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

बालाराम कुमाल
(अध्यक्ष)

५. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ता गरेको प्रमाण,उद्योग सूचीकृत भएको प्रमाणको प्रतिलिपी सिलबन्दि बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

६. निर्धारित न्यूनतम संख्या र रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मिति २०८३/०६/१५ गते यस समुहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहबरमा खोलिनेछ भने यदी बोलपत्र खरिद, दाखिला वा खोल्ने दिन विदा परेमा सो कार्य सो को भोलि पल्ट गरिनेछ ।

७. लिलाम स्वीकृत भएपछि निमानुसार साकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्ध कर, अग्रिम आयकर, संकलन खर्च छुट्टा छुट्टै वुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

८. बोलपत्र सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेखु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

९. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समितिमा निहित रहनेछ ।

१०. लिलम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्धि कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अबधि भित्र उठाई लैजानु पर्नेछ ।

११. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

बालाराम कुमाल
अध्यक्ष

बालाराम कुमाल
(अध्यक्ष)